रुरुक्षेत्र गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।

च.नं. :
प.सं. :०८२/०८३

सूचना नं.:९१

संस्थापक शेयर खरिद गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८३/०१/१५, ने.सं. ११४६ बछलाथ्व, १२ मंगलबार)

नेपाल विद्युत प्राधिकरण, व्यवसाय विकास निर्देशनालय, विद्युत व्यापार विभागको स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत आयोजनाहरुको विद्युत खरिद बिक्री संझौताका लागि सम्पर्क गर्न आउने सूचना अनुसार मिति २०८३ वैशाख १५ गते बसेको गाउँ कार्यापालिका बैठकबाट गाउँपालिकामा दिर्घकालीन रुपमा आन्तरिक आम्दानीको स्रोत सुनिश्चितता गर्न PPA मोडेलमा १ मेगावाट सोलार विद्युत उत्पादन गर्न संम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने सन्दर्भमा देहाय अनुसार निर्णय गरेको ।

<u>देहाय:</u>

१. प्रस्तावित लिमिटेड कम्पनीको नाम रुरुक्षेत्र पावर कम्पनी लि., रुरुक्षेत्र-१ कायम गर्ने, उक्त कम्पनीमा गाउँपालिकाको तर्फबाट ५१ प्रतिशत पूँजी लगानी गर्ने । हाल दर्ता प्रयोजनलाई कम्पनीको चुक्ता पूँजी रु. १ करोड कायम गरी अगाडि बढाउने र आवश्यकता अनुसार पूँजी थप गर्दै लैजाने ।

२. रुरुक्षेत्र गाउँपालिकाको तर्फबाट ५१ प्रतिशत र निजी क्षेत्रबाट ४९ प्रतिशतको स्वामित्वमा लगानी हुने गरी संयुक्त रुपमा कम्पनी स्थापना गर्ने ।

३. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा पालिकाको तर्फबाट हस्ताक्षर गर्न गाउँपालिकामा कार्यरत सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवालीलाई आधिकारिक प्रतिनिधी तोकी सो सम्बन्धमा आवश्यक अख्तियारनामा प्रदान गर्ने ।

उल्लेखित संस्थापक शेयर मध्ये ४९ प्रतिशत शेयर स्थानीयबासी, उद्योगी व्यवसायी, जनप्रतिनिधी, कर्मचारी तथा शिक्षकहरुलाई विक्री वितरण गरिने भएकोले यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिन भित्र कार्यालय समयमा सम्पर्क गरी लिन चाहेको शेयर संख्या, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, राष्ट्रिय परिचय पत्रको प्रतिलिपी र स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपी सहित यस कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**थप जानकारीको लागि सम्पर्क नं.: ९८५७०६५६११**

कागजात पेश गर्ने WhatsApp no. ९८५७०६५६११, ९८५७०७७९३७ वा कार्यालयको इमेल ठेगाना: ruralruru@gmail.com

२०८३।१।१५

इन्द्रदेव पौडेल
नि.प्रमुख प्रशासकीय अधिकृत